जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१९, २०८३ मंसिर १० गते विहीबार, 26 Nov 2026, नेपाल सम्वत्-११४७ पृष्ठ-६, मूल्य रु. ५/-

चेपाङ-लाई बन्दोबस्तीको सामग्री



○ सरिता दाहाल

मकवानपुर । दैनिक बढ्दो चिसो, घरमा न पकाउने भाँडा न ल्यानो कपडा नै । बालबालिका र बुढ्वृद्धालाई चिसोबाट बचाउन समस्या थियो मकवानपुर मनहरी गाउँपानिका ६ पोलाघारीकी २७ वर्षीय प्रेमिका प्रजालाई ।

प्रेमिका प्रजालाई मात्रै हैन, यहाँका ३५ घरपरिवारका चेपाङ समुदायको साझा चिन्ताको विषय थियो। अब सबैजसो चिन्ता हटेको छ। यहाँका ३५ घर चेपाङ परिवारलाई न्यानो कपडा र बन्दोवस्तिका सामग्री बितरण गरिएपछि समस्या टरेको हो ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापा मगरको व्यक्तिगत पहलमा यो बस्तिका चेपाङलाई न्यानो कपडासँगै बन्दोबस्तीका सामग्रीहरू वितरण गरिएको छ। उनीहरुलाई कम्बल ८० थान, फाईबर सिरक ४० थान, खाट ३५ थान, डसना ७० थान, खाना पकाउने डेक्चि करार्इ, धर्मस, प्रेसर कुकर , बाल्टीन, गिलास, झुल, ब्ल्यान्केटलगायतको बन्दोवस्तीको अत्यावश्यक सामग्री वितरण गरिएको छ।

मंगलवार मुख्यमन्त्री थापाने मनहरी पुगेर चेपाङ बस्तिका ३५ घर परिवारलाई यी सामग्री वितरण गर्नुभएको हो । मनहरी ६ का २६ घर र मनहरी ७ का ९ घर चेपाङलाई बन्दोबस्ती सामग्री वितरण गरिएको हो।

१ वर्षको छोरालाई न्यानो गरी राख्न धेरै समस्या थियो, अब सहज भयो, एकदमै खुसी छु । प्रेमिकाले भन्नुभयो, पहिने त घर पनि झोपडी थियो । गाईको बाछो,बाख्रा र आफूहरूसँगै बस्थ्यौ, यसैपाली घर पनि नयाँ बनेको छ ।

मनहरी ६ पोलाघारीमा चेपाङ समुदायको २६ वटा घर छन् जसमा ५ घरपरिवारको मात्रै जग्गा धनी प्रमाणपूर्जा छ। जग्गाधनी प्रमाण पूर्जा नभएको कारण उनीहरुले जनता आवास कार्यक्रम अन्तर्गत प्राप्त हुने आवास सुबिधा पनि पाएका छैनन् ।

यति मात्रै हैन, सरकारले प्रदान गर्दै आएको स्वास्थ्य बीमा कार्यक्रममा पनि उहाँहरू सहभागी हुन पाउनु भएको छैन। स्थानीय गाउँपालिकाको समन्वयमा स्थानीय सामुदायिक वनको जग्गामा उहाँहरू बस्दै आउनु भएको छ।

अव्यवस्थित बसोवास भएको कारण सरकारको सहजिकरण पनि प्राप्त गर्न कठिन भएकोले जनजीविका उठाउन आफूहरुने प्रदेश सरकारसँग पहल गरेको एमाले मनहरीका नेता सालिकराम बानियाँले बताउनुभयो । उनीहरुको स्वास्थ्य उपचारमा सहज होस् भनेर प्रदेश सरकारले सहजीकरण अघि बढाएको मुख्यमन्त्री थापाले बताउनुभयो ।

न्यानो कपडा र बन्दोबस्तीको सामग्री वितरण कार्यक्रममा मुख्यमन्त्री थापा मगरले यस क्षेत्रका चेपाडको स्वस्थ्य बीमाको लागि प्रदेश सरकारले पहल गर्ने बताउनु भयो । स्वास्थ्य बीमाको पैसा प्रदेश सरकारले तिर्ने र बीमा कार्यक्रममा सहभागी गराउने व्यवस्था प्रदेश सरकारने अघि बढाएको मुख्यमन्त्री थापाले बताउनुभयो ।

मुख्यमन्त्री थापाको पहल तथा समन्वयमा मारवाडी सेवा समिति नेपाल, काठमाडौं, पशुपति गौशाला धर्मशाला, मारवाडी महिला मञ्च, आफ्नो घर आश्रम नेपाल, डोलेश्वरधाम, भक्तपुरले उक्त सामग्री सहयोग गरेको थियो ।

विपन्न समूदाय तथा विभिन्न प्रकोपमा परेपछि समस्या भएको स्थानमा आफूहरूले सहयोग गर्ने गरेको माडवरी महिला मञ्च अध्यक्ष रेखा खेतानले बताउनुभयो ।

घरबारविहीन भइ ठहरामा रात बिताइरहेका, उत्पिडनमा परेका एवं राज्यको मूलधारबाट विमुख भएका मकवानपुर जिल्लाको मनहरी गाउँपालिका स्थित चेपाङ बस्तीमा बस्दै आएका चेपाङ जातीहरूलाई चिसोको मौसममा न्यानो कपडा तथा भाँडा उपलब्ध हुँदा

बाँकी पेज ५ मा

इन्साइड

---- स्टोरी

हिंसाविरुद्ध मौनता तोडौं, न्याय सुनिश्चित गरौं



कुमारी वाइबा

विचार : पेज २ मा

बागमतीका १४ उद्यमी पुरस्कृत



विचार : पेज ३ मा



हेटौंडाका रिजन क्रीकेट सेलिब्रटी

पेज ४ मा

सेतो रिवन वितरणदेखि दीपावलीसम्म

पेज ६ मा



प्रदेश प्रमुखसमक्ष निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पेस

○ सहीखबर संवाददाता

मकवानपुर । निर्वाचन आयोगको कार्यालय, हेटौंडाले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका कामकारबाही समेटिएको २० औं वार्षिक प्रतिवेदन बागमती प्रदेश प्रमुखसमक्ष पेस गरेको छ ।

आयोगको हेटौंडा कार्यालयका प्रमुख हरिप्रसाद ढकालले सोमबार प्रदेश प्रमुख दीपकप्रसाद देवकोटासमक्ष प्रतिवेदन पेस गर्नुभएको हो ।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाही समेटेर छुट्टाछुट्टै प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्थाअनुसार प्रतिवेदन बुझाइएको कार्यालय प्रमुख ढकालले जानकारी दिनुभयो ।

प्रतिवेदनमा २०८२ साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म कार्यालयले गरेका काम तथा प्रगति समेटिएको छ ।

कार्यालयले नीतिगत तथा कानुनी सुधार, राजनीतिक दलको दर्ता तथा अद्यावधिक, निर्वाचन सञ्चालन तथा व्यवस्थापन, निर्वाचन र मतदाता शिक्षा, मतदाता नामावली व्यवस्थापन तथा मतदानस्थल पुनरावलोकनलगायतका काम गर्दै आएको छ ।

प्रतिवेदनमा राष्ट्रिय सभा सदस्य निर्वाचन तथा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ सम्बन्धी विवरणसमेत समेटिएको छ ।

निर्वाचन आयोगको तथ्याङ्कअनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि बागमती प्रदेशमा ३६ लाख ८२ हजार ३१० मतदाता कायम भएका थिए ।

उक्त निर्वाचनमा बागमती प्रदेशका २२ लाख ३५ हजार ३१३ मतदाता मतदानमा सहभागी भएका थिए । प्रदेशमा ६०.७० प्रतिशत मतदान भएकोमा ९५.८० प्रतिशत मत सदर र ४.२० प्रतिशत मत बदर भएको प्रतिवेदनमा उल्लेख छ ।



प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

अभियानको सन्देश व्यवहारमा उतारौं

लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियान हरेक वर्षझैं यस वर्ष पनि विश्वभर सञ्चालन भइरहेको छ। नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाइने यो अभियान महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने साझा प्रतिबद्धताको अवसर हो। तर प्रश्न अभियान मनाइएको कति वर्ष भयो भन्ने होइन, यसबीच हिंसाका घटनामा कति कमी आयो र पीडितले कति न्याय पाए भन्ने हो। नेपालको संविधानले समानताको हक र महिलाको हक सुनिश्चित गरेको छ। घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार तथा महिला अधिकार संरक्षणका लागि विभिन्न कानुनी व्यवस्था पनि छन्। तर कानुन र व्यवहारबीचको दूरी अझै फराकिलो छ। घरभित्र हुने शारीरिक तथा मानसिक यातना, यौन हिंसा, बालविवाह, दाइजोका नाममा हुने दुर्व्यवहार र आर्थिक शोषणका घटना निर न्तर सार्वजनिक भइरहेका छन्। पछिल्लो समय सामाजिक सञ्जालमार्फत हुने चरित्र हत्या, धम्की र निजी तस्बिर तथा भिडियोको दुरूपयोगले हिंसाका नयाँ चुनौती थपेका छन्।

अझ चिन्ताजनक पक्ष पीडितले न्याय खोज्दा परिवार र समाजबाटै दबाब झेल्नुपर्ने अवस्था हो। सामाजिक प्रतिष्ठा, पारिवारिक सम्बन्ध र आर्थिक परनिर्भरताका कारण धेरै घटना बाहिर आउँदैनन्। उजुरी परेका घटनामा पनि अनुसन्धान र न्यायिक प्रक्रियामा हुने ढिलाइले पीडितको विश्वास कमजोर बनाउँछ। त्यसैले हिंसा नियन्त्रणका लागि कानुन निर्माण मात्र पर्याप्त छैन, प्रभावकारी कार्यान्वयन र पीडितमैत्री न्याय प्रणाली आवश्यक छ।

यसमा तीनै तहका सरकारको जिम्मेवारी उत्तिकै महत्वपूर्ण छ। स्थानीय तहले पीडितको संरक्षण, सुरक्षित आवास, कानुनी सहायता र मनोसामाजिक परामर्शलाई प्राथमिकता दिनुपर्छ। विद्यालय र परिवारले बालबालिकालाई समानता र सम्मानको संस्कार सिकाउनुपर्छ। पुरूषको सक्रिय सहभागिताबिना लैङ्गिक हिंसा अन्त्यको अभियान सफल हुन सक्दैन। अभियानका नाममा हुने औपचारिक कार्यक्रमले मात्र समाज बदलिँदैन। हिंसाविरूद्ध बोल्ने साहस, पीडितलाई साथ दिने सामाजिक संस्कार र दोषीलाई कारबाही गर्ने राज्यको दृढताले मात्र परिवर्तन सम्भव हुन्छ। १६ दिनको अभियानलाई वर्षभरको व्यवहारमा रुपान्तरण गरौं। हिंसामुक्त समाज निर्माणको सुरूवात आफ्नै घर, परिवार र सोचबाट गरौं।

हिंसाविरुद्ध मौनता तोडौं, न्याय सुनिश्चित गरौं



कुमारी वाइबा

१६ दिने अभियानको सन्देश :

डिजिटल हिंसाले पनि व्यक्तिको आत्मसम्मान, मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र सार्वजनिक जीवनमा सहभागितामाथि गम्भीर असर पार्छ। त्यसैले प्रविधिको प्रयोगसँगै डिजिटल सुरक्षा, साइबर कानुनको प्रभावकारी कार्यान्वयन र पीडितको गोपनीयता संरक्षणलाई प्राथमिकता दिनुपर्छ। लैङ्गिक हिंसाको अर्को गम्भीर पक्ष पीडितले न्याय प्राप्त गर्न भोग्नुपर्ने कठिनाइ हो।

हिंसा व्यक्तिको लागि मात्रै हैन, परिवार, समाज अनि राज्यको प्रगतिको बाधक हो । लिङ्गको आधारमा कही कसैलाई हिंसा गरिनु हुदैन ।सामाजिक अभियन्ता भएर काम गरिरहदा विभिन्न चुनौतिहरू सामना गर्नुपरेकै छ ।

तर व्यक्तिमाथि हुने हिंसाको घटनाको तुलनामा हामीमाथि आउने चुनौतीलाई हामीले सामन्य नै मान्दै आएका छौ । लैङ्गिक समानता, मानव अधिकार र सामाजिक न्यायको कुरा गरिरहँदा पनि समाजमा हुने हिंसा, विभेद र उत्पीडनका घटनामा अपेक्षित कमी आउन सकेको छैन। घरभित्रैदेखि सार्वजनिक स्थल, कार्यस्थल, शैक्षिक संस्था र पछिल्लो समय डिजिटल माध्यमसम्म हुने हिंसाका स्वरुप विस्तार भइरहेका छन्। हिंसाका घटना सार्वजनिक भइरहँदा पनि पीडितले न्याय पाउन कठिन हुने, सामाजिक प्रतिष्ठाका नाममा घटना लुकाइने र पीडकले उन्मुक्ति पाउने प्रवृत्ति कायमै छ।

यस्तो अवस्थामा लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियान केवल औपचारिक कार्यक्रम नभई समाजको सोच, संरचना र व्यवहार परिवर्तन गर्ने साझा प्रतिबद्धताको अवसर हो।

हिंसाको घटनाको प्रतिकार गर्ने, कानूनी उपचारको समेत सुनिश्चितता हुन थालेपछि हिंसाको घटनाहरू लुकाउने दरमा कमी आएको छ, प्रतिकार गर्नेहरूले साहश गर्न थाल्नुभएको छ। यद्यपि यो अभियानमा अझै धेरै गर्न बाँकी छ । यसो त २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म १६ दिन मात्रै यो अभियान जारी छैन । वर्षैभरी हरेक दिन, हरेक पद सबै प्रकारको हिंसा विरूद्धको अभियान जारी छ ।

तर हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वव्यापी रुपमा सञ्चालन हुने यो अभियानको विशेष एउटा पर्वको रूपमा महत्व छ। नोभेम्बर २५ लाई महिलामाथि हुने हिंसा उन्मूलनको अन्तर्राष्ट्रिय दिवस र डिसेम्बर १० लाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका रुपमा मनाइन्छ। यो बीचमा अपाङ्गता दिवस, एड्स दिवस, मर्यादित महिनावारी दिवस समेत समेटिन्छन् ।

सन् १९९१ देखि सुरू भएको यस अभियानले महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसाको अन्त्यका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम र समुदायलाई एकै ठाउँमा उभ्याउने प्रयास गर्दै आएको छ। मानव अधिकारको संरक्षण र लैङ्गिक समानताको सुनिश्चितताबिना समतामूलक समाज निर्माण सम्भव छैन भन्ने सन्देश नै यस अभियानको मूल मर्म हो।

नेपालको सन्दर्भमा यस अभियानको औचित्य अझ गम्भीर छ। संविधानले समानताको हक, महिलाको हक र हिंसाविरूद्धको संरक्षणलाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ। संविधानको धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक र धारा ३९ ले बालबालिकाको हक सुनिश्चित गरेको छ। महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै प्रकारको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने संवैधानिक व्यवस्था छ। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई क्षतिपूर्ति पाउने हकसमेत संविधानले सुनिश्चित गरेको छ।

यसका अतिरिक्त घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, मुलुकी अपराध संहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ लगायतका कानुनी व्यवस्थाले हिंसाका विभिन्न स्वरुपलाई अपराधका रुपमा परि भाषित गरेका छन्। नेपालले महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिलगायतका अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धतासमेत स्वीकार गरेको छ। अर्थात्, लैङ्गिक हिंसा नियन्त्रण र पीडितको संरक्षणका लागि नेपालमा कानुनी तथा नीतिगत आधार को अभाव छैन। समस्या कानुनको प्रभावकारी कार्यान्वयन, संस्थागत जवाफदेहिता र सामाजिक व्यवहार परिवर्तनमा देखिएको छ।

नेपाल प्रहरीको तथ्याङ्कले पनि हिंसाको भयावह अवस्थालाई उजागर गर्छ।

प्रहरीको तथ्याङ्कले हिंसा घरबाहिरका अपरिचित व्यक्तिबाट मात्रै हुँदैन भन्ने स्पष्ट पार्छन्। आफ्नै परिवार, आफन्त र चिनजानकै व्यक्तिबाट महिलाहरु बढी असुरक्षित हुने अवस्था चिन्ताजनक छ। घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहार, बालविवाह, दाइजोका नाममा हुने यातना, बोक्सीको आरोप, मानव बेचबिखन, जबर्जस्ती विवाह, आर्थिक शोषण र सामाजिक बहिष्करण लैङ्गिक हिंसाका विभिन्न स्वरुप हुन्। शारीरिक चोट नदेखिए पनि निरन्तर अपमान, धम्की, नियन्त्रण, मानसिक यातना र आर्थिक अधिकारबाट वञ्चित गराउने कार्य पनि हिंसाकै रुप हुन्। त्यसैले हिंसालाई कुटपिट वा यौनजन्य अपराधमा मात्र सीमित गरेर बुझ्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ।

पछिल्लो समय प्रविधिको विकाससँगै लैङ्गिक हिंसाले नयाँ स्वरुप लिएको छ। सामाजिक सञ्जालमार्फत चरित्र हत्या, अश्लील तथा निजी तस्बिर सार्वजनिक गर्ने धम्की, अनुमति नलिई तस्बिर वा भिडियो प्रसारण, साइबर दुर्व्यवहार, अनलाइन यौन शोषण र डिजिटल माध्यमबाट गरिने धम्की महिलाका लागि नयाँ चुनौती बनेका छन्। विशेषगरी किशोरी, युवा महिला, सार्वजनिक जीवनमा सक्रिय महिला र सञ्चारकर्मीहरु यस्तो दुर्व्यवहारको जोखिममा छन्। डिजिटल माध्यममा हुने हिंसालाई सामान्य मजाक, व्यक्तिगत विवाद वा सामाजिक सञ्जालको स्वाभाविक व्यवहार ठान्ने प्रवृत्ति गलत छ।

डिजिटल हिंसाले पनि व्यक्तिको आत्मसम्मान, मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र सार्वजनिक जीवनमा सहभागितामाथि गम्भीर असर पार्छ। त्यसैले प्रविधिको प्रयोगसँगै डिजिटल सुरक्षा, साइबर कानुनको प्रभावकारी कार्यान्वयन र पीडितको गोपनीयता संर क्षणलाई प्राथमिकता दिनुपर्छ। लैङ्गिक हिंसाको अर्को गम्भीर पक्ष पीडितले न्याय प्राप्त गर्न भोग्नुपर्ने कठिनाइ हो।

घटना सार्वजनिक गर्दा परिवार र समाजले नै पीडितलाई दोषी ठहर्‍याउने, मेलमिलापका नाममा दबाब दिने, चरित्रमाथि प्रश्न उठाउने र सामाजिक प्रतिष्ठाको डर देखाएर मौन बस्न बाध्य पार्ने प्रवृत्ति अझै विद्यमान छ। कतिपय अवस्थामा आर्थिक परनिर्भरता, बालबच्चाको भविष्य, परिवारबाट अलग हुनुपर्ने डर र सुरक्षित आश्रयको अभावले पीडितलाई हिंसात्मक सम्बन्धमै बस्न बाध्य बनाउँछ।

प्रहरीमा उजुरी दर्ता भए पनि अनुसन्धानमा ढिलाइ, प्रमाण सङ्कलनमा कमजोरी, न्यायिक प्रक्रियाको लामो अवधि र पुनःस्थापनाका लागि पर्याप्त सहयोग नहुँदा पीडितले दोहोरो पीडा भोग्नुपरेको छ। न्याय प्रणाली पीडितमैत्री, संवेदनशील र प्रभावकारी नबनेसम्म कानुनी व्यवस्थाको वास्तविक अर्थ स्थापित हुन सक्दैन।

हिंसा अन्त्यको अभियानलाई महिलाको मात्र मुद्दा बनाउनु पनि उचित हुँदैन। लैङ्गिक हिंसा शक्ति सम्बन्धमा रहेको असमानता, पितृसत्तात्मक सोच, महिलालाई कमजोर ठान्ने सामाजिक मान्यता र पुरूषप्रधान निर्णय प्रणालीसँग जोडिएको विषय हो। त्यसैले पुरूष र बालकलाई पनि हिंसाविरूद्धको अभियानमा जिम्मेवार सहभागी बनाउनुपर्छ। छोरालाई छोरीसरह सम्मान गर्न, घरायसी काम र जिम्मेवारीमा समान सहभागिता जनाउन, *बाँकी पेज ७ मा*

सहीखबर
www.saheekhabar.com
सहीवार्ता
२०८३ मंसिर १० गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

बागमतीका १४ उद्यमी पुरस्कृत

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेशको उद्योग पर्यटन श्रम तथा यातायात मन्त्रालयले १३ जिल्लाको १४ उद्यमीलाई नगद सहित पुरस्कृत गरेको छ । ललितपुर महानगरपालिका १७ मा रहेको अन्नपूर्णा खाद्य उद्योग बागमती प्रदेशको सर्वोत्कृष्ट उद्योगको रूपमा पुरस्कृत भएको छ, भने अन्य १३ लाई उत्कृष्ट घोषणा गरेको हो ।

बागमती प्रदेश सरकारले नवप्रवर्तन उद्यमी सम्मान २०८३ को लागि उक्त उद्योगलाई सर्वोत्कृष्ट घोषणा गर्दै सन्चालक अन्नपूर्ण कुमारी थापालाई नगद ३ लाख, सम्मानपत्र र दोसल्ला सहित सम्मान गरेको छ । यो उद्योगले कुल अंकमा ७३ प्राप्त गरेको थियो । प्रदेशको उद्योग पर्यटन श्रम तथा यातायात मन्त्रालयले तोकिएको मापदण्ड अनुसार प्रदेश स्तरमा एउटा उद्योगलाई सर्वोत्कृष्ट र १३ जिल्लाका १३ उद्योगलाई जिल्ला स्तरमा उत्कृष्ट घोषणा गर्दै बुधबार पुरस्कृत गरेको हो ।

जिल्ला स्तरमा उत्कृष्ट हुने १३ जिल्लाका १३ उद्योगका सन्चालक उद्यमीलाई जनही ७५ हजार नगद प्रदान गरिएको छ । जिल्ला स्तरमा उत्कृष्ट हुनेहरुमा रामेछाप जिल्लाबाट पुष्पाञ्जली नेपाली हाते कागज उद्योग, सिन्धुपाल्चोक जिल्लाबाट अरनिको कृषि तथा पशुपालन फर्म्, सिन्धुली जिल्लाबाट लाङघाली जुनार उद्योग, काठमाडौ जिल्लाबाट सौगात आधुनिक कृषि फर्म, नुवाकोट जिल्लाबाट सानो कल्लेरी कृषि फर्म, मकवानपुर जिल्लाबाट शर्मा एकिकृत कृषि तथा पशुपंक्षी फार्म, ललितपुर जिल्लाबाट दाहाल कार्पेट उद्योग, चितवन जिल्लाबाट फाइटोकेयर ईन्टर नेशनल प्रा.लि. काभ्रेपलाञ्चोक जिल्लाबाट लेकाली पुष्टाकारी उद्योग, भक्तपुर जिल्लाबाट क्रियटिभ उड कार्मिङ, धादिङ जिल्लाबाट श्री पि. एण्ड जी मौरीपालन उद्योग, दोलखा जिल्लाबाट रेनु भोला तथा द्राउजर उद्योग, रसुवा जिल्लाबाट राजन्या कृषि तथा पशुपंक्षी फर्म रहेका छन् ।

प्रतिस्पर्धाको लागि प्रदेशको १३ जिल्लामा रहेको उद्योगबाट सर्ट लिस्टेड गरेर प्रदेशमा ३९ वटाको नाम प्राप्त भएको थियो । यस मध्यबाट छनौट गरिएको हो । कार्यक्रममा मुख्यमन्त्री किरण थापा मगरले उद्योगको प्रतिस्पर्धात्मक क्षमता विकाससँगै श्रमिकको सम्मान र सीप विकासलाई प्रदेश सरकारले प्राथमिकता दिने बताउनुभयो । भावि पुस्ताको रोजाईको उद्योग बनाउन हामी तत्पर छौ" मुख्यमन्त्री थापाले भन्नुभयो । प्रदेशको भुगोल र वातावरण सुहाउँदो उत्पादनको लागि प्रदेश सरकारले कार्यक्रम अघि सारेको मुख्यमन्त्री थापाले बताउनुभयो ।

कार्यक्रम उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्री राजेन्द्र प्रजापतीले प्रदेश सरकार उद्योग प्रवर्द्धन र व्यवसायिकतामा ध्यान दिने बताउनुभयो । राज्यलाई हरेर उत्पादनमा आत्मानिर्भर बनाउने प्रयासमा लागेको उहाँले बताउनुभयो । "औद्योगिक वातावरण सुधार दिगो अर्थतन्त्र आधार" भन्ने मुल नाराकासाथ १२ औं उद्योग दिवस तथा नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सर्वोत्कृष्ट र उत्कृष्ट उद्योगले आफ्नो उत्पादनको प्रदर्शनी समेत गरेका थिए ।

कार्यक्रममा सर्वोत्कृष्ट उद्यमी थापाले राज्यले उद्यमको वातावरण सहज बनाउदै गएको भन्दै खुसी व्यक्त गर्नुभयो । आफ्नो रोजिरोटी चलाउन व्यवसाय गर्दा सम्मानित त पुरस्कृत हुंदा अझै कामप्रति हैसला बढेको उद्यमी थापाले बताउनुभयो । यसैगरी उत्कृष्ट उद्यमी रसुवा जिल्लाका चुडामणि पौडेल भन्नुभयो "म ६० वर्षको मान्छे महीनामा ३ लाख बचत गर्छु बिदेश किन जाने ।" छोराछोरी बिदेश पठाउने बाआमालाई शहरको सानो कोठामा राख्ने गर्नु देशकै लागि घाटा हुने बताउनुभयो ।" उहाँले भन्नुभयो "सीप अनुसार ठाउँ अनुसार उद्यममा जोडिनुस ।"

१४ महिनादेखि सभामुख पद रिक्त



○ सहीखबर संवाददाता

मकवानपुर । पद बाँडफाँट र आकांक्षी व्यवस्थापनमा सहमति जुट्न नसक्दा बागमती प्रदेशसभाको सभामुख पद १४ महिनादेखि रिक्त छ ।

सत्तासामेदार दलबीच पटक पटक बैठक बसेर पनि सहमति जुटाउनु नसक्दा सभामुख पदपूर्ति हुन सकेको छैन । सत्तारूढ गठबन्धनमित्रको आपसी विवादका कारण सभामुख चयन प्रक्रिया अघि बढ्न नसक्दा २०८३ असोज १ देखि प्रदेशसभा सभामुखविहीन बनेको हो ।

२०८३ भदौ २३ र २४ को जेनजी आन्दोलनपछि तत्कालीन सभामुख भुवनकुमार पाठकले सोही असोज १ मा राजीनामा दिएपछि उक्त पद रिक्त भएको हो । त्यसयता अघिल्लो सरकारले सभामुख चयन प्रक्रिया अघि बढाउने प्रयास गरे पनि दलहरुबीच सहमति नजुट्दा रोकिएको थियो । गत भदौमा नयाँ प्रदेश सरकार गठन भएपछि सभामुख पदको भागबन्डासमेत भए पनि चयन प्रक्रिया अघि बढ्न सकेको छैन ।

सत्तारूढ एमाले र नेकपाबीच सभामुख चयनका विषयमा सहमति जुट्न सकेको छैन । सरकार गठनका क्रममा सभामुखसहित दुई मन्त्रालय नेकपाले पाउने र मुख्यमन्त्रीसहित तीन मन्त्रालय एमालेले लिने सहमति भएको थियो । सोहीअनुसार एमालेका किरण थापालाई मुख्यमन्त्री बनाउन नेकपा, राप्रपा र एमालेबीच साझेदारी भएको थियो ।

तर, मुख्यमन्त्री थापाले सरकार गठनका क्रममा महत्वपूर्ण मन्त्रालय राप्रपालाई दिएपछि नेकपा असन्तुष्ट बन्दै आएको छ । त्यसकै कारण सरकार मा रहेका एक मन्त्री विनाविभागीय बनेका छन् भने एउटा मन्त्रालय रिक्त छ।

एमाले र नेकपाबीच सहमति जुट्न नसक्दा सभामुख चयन पनि प्रभावित भएको हो ।

नेकपाका एक सांसदका अनुसार सरकार गठनका क्रममा भएका सहमति कार्यान्वयनमा समस्या भइरहेको छ । सभामुख पद नेकपाले पाउने सहमति भए पनि मन्त्रालयको जिम्मेवारी कमजोर दिइएकाले समस्या भएको उनले बताए ।

गठबन्धनमित्र मन्त्रालयको जिम्मेवारी बाँडफाँट र मन्त्रिपरिषद्लाई पूर्णता दिने विषयसमेत सभामुख चयनकै विवादका कारण अल्झिएको ती सांसदले बताए । 'सत्तारूढ दलमित्रै सभामुख पदलाई लिएर समस्या भइरहेको छ,' उनले भने ।

आर्थिक मामिला तथा योजनामन्त्री एवं नेकपा बागमती प्रदेशका अध्यक्ष सरल सहयात्री पौडेलले भने सत्तारूढ दलहरुबीच कुनै समस्या नरहेको दाबी गरे । 'विषय टुंगिन्छ, सभामुख चयनमा सत्ता सामेदार दलहरुबीच पूर्ण सहमति छ र दुई दल मिलेरै अघि बढ्छन् ।

सभामुख चयनसँगै बाँकी जिम्मेवारी बाँडफाँटको विषय पनि एकैसाथ टुंगो लाग्छ,' उनले भने । प्राकृतिक विपद् र चाडपर्वका कारण रोकिएको राजनीतिक प्रक्रिया अब छिट्टै अघि बढ्ने उनको भनाइ छ ।

सत्तारूढ दलहरु आन्तरिक शक्ति बाँडफाँटमै अल्झिँदा प्रदेशसभाका कामकारबाही प्रभावित भएका छन् । गत भदौको पहिलो साता आएको बाढीपहिरोका कारण प्रदेशका विभिन्न जिल्लामा भएको जनधनको क्षति, राहत तथा पुनःस्थापनाका विषयमा सदनमार्फत सरकारको ध्यानाकर्षण गराउन प्रदेशसभा सदस्यहरुले तत्काल बैठक बोलाउन दबाब दिइरहेका छन् ।

तर, सत्ताको किचलोका कारण उनीहरुको माग ओझेलमा परेको छ । बैठक नबस्दा कानुन निर्माण प्रक्रिया पनि अलपत्र परेको प्रदेशसभा सचिवालयका प्रवक्ता प्रकाश चापागाईंले जानकारी दिए ।

हिंसाविरूद्व मौनता तोडौं,न्याय...

महिलाको स्वतन्त्रता र निर्णय अधिकार स्वीकार गर्न तथा हिंसाजन्य व्यवहारको प्रतिवाद गर्न सिकाउने काम परिवारबाटै सुरू हुनुपर्छ। विद्यालयको पाठ्यक्रम, सामाजिक शिक्षा र सामुदायिक अभियानले पनि समानता, सहअस्तित्व र पारस्परिक सम्मानका मूल्य स्थापित गर्नुपर्छ।

यस सन्दर्भमा तीनै तहका सरकारको जिम्मेवारी महत्वपूर्ण छ। स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने सरकार भएकाले लैङ्गिक हिंसा रोकथाम र पीडित संरक्षणामा यसको भूमिका अझ प्रभावकारी हुन सक्छ। स्थानीय तहले लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी परिचालन, सुरक्षित आवास, मनोसामाजिक परामर्श, निःशुल्क कानुनी सहायता, स्वास्थ्य उपचार तथा आर्थिक पुनःस्थापनाका कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ।

न्यायिक समितिलाई कानुनी अधिकार र जिम्मेवारीबारे सक्षम बनाउनुका साथै प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, महिला तथा बालबालिका शाखा र नागरिक समाजबीच समन्वय स्थापित गर्नुपर्छ। हिंसाका घटना लुकाउने वा मिलापत्र गराएर जिम्मेवारीबाट पन्छिने होइन, पीडितको सुरक्षा र न्यायलाई केन्द्रमा राखेर काम गर्ने संस्थागत संस्कार विकास गर्नुपर्छ।

सञ्चारमाध्यमको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। हिंसाका घटनालाई सनसनीपूर्ण शीर्षक, पीडितको पहिचान खुल्ने विवरण र संवेदनहीन भाषामा प्रस्तुत गर्नु पत्रकारिताको जिम्मेवारी होइन। पीडितको गोपनीयता, मर्यादा र सुरक्षालाई प्राथमिकता दिँदै घटनाका कारण, कानुनी प्रक्रिया, राज्यको जवाफदेहिता र न्याय प्राप्तिको अवस्थाबारे खोजमूलक समाचार तथा विश्लेषण प्रकाशित गर्नुपर्छ। हिंसाविरूद्व जनमत निर्माण गर्नु, गलत सामाजिक मान्यतालाई चुनौती दिनु र पीडितका आवाजलाई स्थान दिनु सञ्चारमाध्यमको सामाजिक दायित्व हो। अन्ततः लैङ्गिक हिंसाविरूद्वको १६ दिने अभियानको सफलता सडकमा निकालिने र्याली, गोष्ठी, भाषण र नाराको सङ्ख्याले मापन गरिनु हुँदैन। हिंसाका घटनामा कमी आयो कि आएन, पीडितले सहज रुपमा न्याय पाए कि पाएनन्, महिलाले घरदेखि सार्वजनिक जीवनसम्म सुरक्षित र सम्मानित महसुस गर्न सके कि सकेनन् भन्ने आधारमा यसको उपलब्धि मूल्याङ्कन हुनुपर्छ।

अभियानका १६ दिन सकिएपछि पनि हिंसाविरूद्वको प्रतिबद्धता रोकिनु हुँदैन। कानुन कागजमा होइन, व्यवहारमा कार्यान्वयन हुनुपर्छ । पीडितले सहानुभूति मात्र होइन, सुरक्षा र न्याय पाउनुपर्छ । र समाजले मौनता होइन, अन्यायविरूद्व आवाज उठाउने संस्कार विकास गर्नुपर्छ। हिंसा सहनु सामाजिक बाध्यता होइन, हिंसा गर्नु अपराध हो भन्ने चेतना प्रत्येक नागरिकमा स्थापित गर्न सके मात्र लैङ्गिक समानता र मानव मर्यादामा आधारित सभ्य समाजको निर्माण सम्भव हुनेछ।

हिंसा विरूद्व लाग्ने सामाजिक संघसंस्थाहरू समाजको आधार हुन् । यि संस्था संगठन तथा व्यक्तिहरूलाई यही समाजले साथ दिने होस्टेमा हैसे गरिदिने गर्नु पनि जरूरी छ । मावनअधिकार रक्षकहरूलाई समाजले साथ दिएमा मात्रै कानूनको पालना र कार्यान्वयनमा कडाइ हुन सक्छ । मावनअधिकार रक्षकहरू तथा अभियन्ताहरूसँग सँगै हातेमालो गर्दै समाजलाई हिंसाको भुमरीबाट माथि उठाऔं । आउनुहोस् न्यापूर्ण समाज, मानवतायुक्त फराकिलो परिवेश बनाउन हातेमालो गरौ । हिंसा विरूद्व मौनता तोडौं ।

लेखक हिमराइट्स मकवानपुरको प्रमुख हुन् ।

सोच बदलौं, व्यवहार बदलौं हिंसामुक्त समाज निर्माण गरौं !

- सम्मान मागेर होइन, अधिकारका रुपमा प्राप्त हुनुपर्छ।
- महिला र पुरूषबीचको समानता केवल संविधान र कानुनमा सीमित नरहोस्, घरपरिवार, समाज, कार्यस्थल र राज्यका हरेक निकाय हिंसामुक्त होस्।
- लैङ्गिक हिंसा केवल कुटपिट र दुर्व्यवहार मात्र होइन। कसैको स्वतन्त्रता खोस्नु, इच्छाविपरीत निर्णय लाद्नु, आर्थिक रुपमा परनिर्भर बनाउनु, अपमान गर्नु, डर देखाउनु र सामाजिक सञ्जालमार्फत चरित्र हत्या गर्नु पनि हिंसाकै स्वरुप हुन्।

☞ अब परिवर्तनको सुरूवात आफैंबाट गरौं !

- छोरी र छोरालाई समान माया, शिक्षा र अवसर दिऔं।
- घरको काम र जिम्मेवारी सबैले समान रुपमा बाँडौं।
- सबैको इच्छा, विचार र निर्णयको सम्मान गरौं।
- हिंसालाई पारिवारिक वा व्यक्तिगत मामिला भन्दै नलुकाऔं।
- पीडितको गोपनीयता र आत्मसम्मानको रक्षा गरौं।
- हिंसा गर्ने व्यक्तिलाई सामाजिक संरक्षण होइन, कानुनी कारबाहीको दायरामा ल्याऔं।
- सम्झौं, मौनता हिंसाको संरक्षण हो भने आवाज परिवर्तनको सुरूवात हो।
- लैङ्गिक समानता कुनै एक वर्गको माग होइन, सभ्य र न्यायपूर्ण समाज निर्माणको आधार हो।
- हिंसालाई होइन, समानतालाई संस्कार बनाऔं ! विभेद होइन, सम्मान रोजौं !

लैङ्गिक हिंसाविरूद्वको १६ दिने अभियान सफल पारौं।

कुमारी वाइबा प्रमुख एवम्

हिमराइट्स मकवानपुर

२०८३ मंसिर १० गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

हेटौंडाका रिजन क्रिकेट सेलिब्रटी

“मैले खेल अभ्यास गर्दैगर्दा बुबाले धेरै राम्रो साथ सपोर्ट र परामर्श गर्नुभयो, र पो आज म यहाँ छु” रिजन भन्नुहुन्छ “मेरो सफलता मेरो लगाबसंगै मलाई प्रशिक्षण दिनुहुनेहरुको साथ, प्रेरणा, परिवार, आफन्त र साथीहरुको हौसला हो, यो श्रेय सबैलाई बाँड्न चाहन्छु।”





○ सरिता दाहाल

मकवानपुर । बाल्यकालदेखि क्रिकेट खेल भनेपछि खाना नै छोडेर दौडिन्थे रिजन । रिजन, अर्थात् हालै सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणमा उत्कृष्ट प्रदर्शन गर्नुभएको क्रिकेटर रिजन ढकाल । अहिले रिजन देशको सेलिब्रेटी बन्नुभएको छ ।

गृहजिल्लामा सम्मान ग्रहण गर्न अहिले रिजन ब्यस्त हुनुहुन्छ । भविष्यमा अझै खेलमा प्रगति गर्ने र क्रिकेटसंगै आफूलाई पर्याय बनाउने उनको उदेश्य छ ।

२७ बर्षिय रिजनको खेल चलिरहदा हेटौंडा २ मा उहाँको घर परिवार मात्रै हैन, टोल, जिल्ला र देशले प्रस्तुती नियालिरहेको थियो । “छोरो उत्कृष्ट भएको घोषणा हुँदै गर्दा त मैले आफैलाई सम्हाल्न सकिन, खुसी सम्हाल्न पनि गाह्रो हुने रहेछ” उहाँको बुबा राजु ढकाल भन्नुहुन्छ ।

उहाँ भन्नुहुन्छ “छोरो डाक्टर बनेको भए, खुसी हुनेहरु सिमित हुन्थे, आज सिङ्गो देश खुसी छ ।” आफ्नो लागि यो खुसी सबैभन्दा विशेष रहेको उहाँले बताउनुभयो ।

रिजनले पढाईलाई भन्दा खेललाई बढी समय दिएको देखेर परिवारलाई बेलाबेला चिन्ता लाग्थ्यो । “सधै छोरोले भन्थ्यो,बुबा हजुरले चिन्ता नलिस्यो,म यसैमा राम्रो गर्छु” बुबा राजु स्मरण गर्नुहुन्छ “आज उसले त्यो वाचा पूरा गर्‍यो।

क्रिकेट अलि महङ्गो खेल भएकोले सर्वसाधारणको लागि अलि सहज नभएको राजु बताउनुहुन्छ । राजुले रिजनको पढामाभन्दा खेलमा लगानी धेरै गर्नुभयो ।

“भोलि कुन वैदेशिक रोजगारिमा पठाईसकेको थिए”, राजु भन्नुहुन्छ “छोरो आफै पनि विदेश जाउ क्यारे बुबा भन्ने अवस्थामा पनि थियो।” धैर्यताले नै छोरोको यो सफलता प्राप्त भएको उहाँको मनाई छ । रिजन उनकै बुबाबाट प्रेरित भएर क्रीकेटमा आएका हुन ।

प्रारम्भमा हेटौंडाको जिएस बोर्डिङ स्कुल पढ्नुभएको रिजनले हेटौंडा २ स्थित बाल जागृती इङ्लिस बोर्डिङ स्कुलबाट एसईई तथा हेटौंडा स्कुल अफ मेनेजमेन्टबाट जोड दुई पास गर्नुभएको हो । हाल काठमाडौमा स्नातक अध्ययनरत रिजनले एसईई परिक्षा दिएपछि क्रेकेटर र बिन गुरूङ र सन्दिप महर्जनबाट हेटौंडामै खेल तालिम लिनुभएको थियो ।

“रिजन पढाईमा पनि राम्रो विद्यार्थी हुन, क्रिकेटमा उनको क्रेज लोभ लाग्दो थियो, हामीलाई गौरव गर्ने नतिजा दिए” बाल जागृति इङ्लिस बोर्डिङ स्कुलका प्रिन्सिपल बिनोद सुबेदीले भन्नुभयो । सोमबार बाल जागृतिले पनि रिजनलाई सम्मान गरेको छ ।

खेलमा उत्कृष्ट प्रदर्शनपछि गृह जिल्ला मकवानपुर आईपुग्नु भएका रिजनलाई हेटौंडा उपमहानगरपालिकाले नगदसहित सम्मान गरेको छ ।

चितवन राइनोजका दायाँ हाते तीव्र गतिका बलर रिजनलाई सोमबार हेटौंडा उपमहानगर पालिकाले नगद सहित सम्मान गरेको हो ।

रिजनलाई उपमहानगरपालिकाले एक लाख रूपैयाँ र दोसल्ला ओढाएर सम्मान गरेको हो । एनपीएलको तेस्रो संस्करणमा सर्वोत्कृष्ट नेपाली खेलाडी घोषित भई नगरको नाम उच्च राखेको नगर प्रमुख मिना लामाले बताउनुभयो । “रिजन ढकाल हेटौंडाको शान हुन” प्रमुख लामाले भन्नुभयो ।

प्रतियोगिताभर उत्कृष्ट बलिङ गर्दै कुल १७ विकेट लिएका रिजनले सर्वाधिक विकेटकर्ताको ‘गोल्डेन क्याप’ समेत जितेका थिए । उनले एनपीएलमा सर्वोत्कृष्ट नेपाली खेलाडी बनेबापत ओमोडाको कार, उत्कृष्ट बलरको रुपमा मोटर साइकल र सर्वाधिक विकेट लिने बलर बन्दै नगद ३ लाख रूपैयाँ पुरस्कार हात पारेका थिए ।

गृहजिल्लामा हेउनपाले नगद एक लाख सहित सम्मान गर्दा उनलाई विद्यालय, वडा कार्यालय, संघसंस्थाको सम्मान लिन म्याईनम्याई छ ।

खेल क्षेत्रमा लागेर जीवन निर्वाह गर्न सहज छैन भन्नुहुनेहरुलाई धैर्य गर्न रिजन आग्रह गर्नुहुन्छ ।

“मैले खेल अभ्यास गर्दैगर्दा बुबाले धेरै राम्रो साथ सपोर्ट र परामर्श गर्नुभयो, र पो आज म यहाँ छु” रिजन भन्नुहुन्छ “मेरो सफलता मेरो लगाबसंगै मलाई प्रशिक्षण दिनुहुनेहरुको साथ, प्रेरणा, परिवार, आफन्त र साथीहरुको हौसला हो, यो श्रेय सबैलाई बाँड्न चाहन्छु।” आगामी दिनमा आफ्नो तर्फबाट अझै धेरै मेहनत गर्ने रिजनले बताउनुभयो ।

यसैगरी हेटौंडा ३ वडा कार्यालयले सोही वडाका एनपीएलका स्टार क्रिकेट खेलाडी रिजन ढकाललाई ३५ हजार रूपैयाँ नगदसहित सम्मान गरेको छ। यस्तै रिजनलाई हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसले एक लाख रूपैयाँ नगदसहित सम्मान गर्ने घोषणा गरेको छ।



संघर्ष गर्दै महिला टोली



यता कर्णाली प्रदेशमा मंसिर १६ गतेदेखि आयोजना हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बागमती प्रदेशको महिला क्रिकेट टोली घोषणा गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका ६ स्थित गौरीटार रंगशालामा सञ्चालन भएको प्रदेशस्तरीय खेलाडी छनोट प्रतियोगिताबाट अस्मिना कर्मचार्यको कप्तानीमा १४ सदस्यीय टोली छनोट गरिएको हो ।

प्रदेशस्तरीय छनोट प्रतियोगितामा बागमती प्रदेशका १३ जिल्लाबाट ५० जना महिला क्रिकेट खेलाडी सहभागी भएका थिए ।

सहभागी खेलाडीको प्रदर्शन, क्षमता र खेलकौशलको मूल्यांकनपछि उत्कृष्ट खेलाडीलाई समेटेर टोली घोषणा गरिएको क्रिकेट छनोट प्राविधिक उपसमितिका संयोजक सञ्जोग पोखरेलले जानकारी दिनुभयो ।

घोषित टोलीमा कप्तान कर्मचार्यसहित कञ्चन श्रेष्ठ, विकेटकिपर विपिशा शाही, कृष्मा गुरूङ, लक्ष्मिमाया रूम्बा लामा, हेलिशा गुरूङ, पूजा साउद, संस्कृति फुयाँल, सम्भाव्या ढकाल, सबिका कुमारी यादव, अनुषा रोकाहा, ऐली यादव, हिमानी धामी र श्रीजा घिमिरे रहेनुभएको छ ।

संयोजक पोखरेलका अनुसार छनोट भएका १४ खेलाडीमध्ये १० जना मुख्य टोलीमा र चार जना वैकल्पिक खेलाडीका रुपमा छनोट गरिएका हुन् । खेलाडी छनोट गर्दा उनीहरुको ब्याटिङ, बलिङ, फिल्डिङ तथा क्याचिङ क्षमतालाई मुख्य आधार बनाइएको थियो ।

'प्रतियोगिताका क्रममा खेलाडीले देखाएको व्यक्तिगत प्रदर्शन र समग्र खेलकौशलको मूल्यांकन गरी टोली तयार पारिएको हो', उहाँले भन्नुभयो।

चेपाङलाई बन्दोबस्ती ...





आफूहरूले जीविका चलाउन सहज भएको नेपाल चेपाङ संघ बागमती प्रदेश अध्यक्ष खुसीलाल चेपाङले बताउनुभयो ।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशभित्रका कुनै पनि विपन्न नागरिकलाई घरविहीन बन्न नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले चालु आर्थिक वर्षमा विपन्न नागरिकका लागि एक हजार घर निर्माण गर्ने गरी प्रदेश सरकारले बजेट विनियोजन गरेको जानकारी दिनुभयो ।

मकवानपुरको मनहरी गाउँपालिका ७ स्थित समिलडाँडा चेपाङ बस्तीमा मङ्गलबार आयोजित राहत सामग्री वितरण कार्यक्रममा उहाँले मुख्यमन्त्री आवास कार्यक्रममार्फत आवासविहीन नागरिकको समस्या समाधान गरिने बताउनुभयो।

विशेषगरी घरविहीन चेपाङ परिवारका लागि प्रतिपरिवार चार लाख रूपियाँका दरले घर निर्माण गर्ने प्रक्रिया अघि बढाइने उहाँको भनाइ थियो ।

मुख्यमन्त्री थापाले आवाससँगै विपन्न परिवारको आयआर्जन र आत्मनिर्भरताका लागि कुखुरा, बाख्रा तथा भैंसीपालनजस्ता व्यवसायमा सहयोग गर्ने गरी बजेट व्यवस्था गरिएको बताउनुभयो । बस्तीका खानेपानी र सुरक्षासम्बन्धी समस्या समाधान गर्न पनि प्रदेश सरकारले पहल गर्ने उहाँले उल्लेख गर्नुभयो ।

चेपाङ बस्तीका परिवारको अवस्था प्रत्यक्ष देखेपछि आधारभूत आवश्यकताका सामग्री जुटाउन आफूले पहल गरेको मुख्यमन्त्रीले बताउनुभयो ।

उहाँको आग्रहमा विजय अग्रवालले मारवाडी सेवा समिति र मारवाडी महिला मञ्चलगायत संस्थासँग समन्वय गरी सहयोग जुटाउनुभएको थियो । सामग्री वितरणमा रेखा खेतानलगायत समाजसेवीको भूमिका रहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा संविधान सभा सदस्य राजाराम स्याङ्तान, एमाले मकवानपुर कार्यवाहक अध्यक्ष हिदम लामा, नेपाल चेपाङ संघ बागमती प्रदेश अध्यक्ष खुसीलाल चेपाङ, मकवानपुर उद्योग वाणिज्य संघ अध्यक्ष अनिल अग्रवाल, दाता संस्थाका पदाधिकारीहरूको सहभागिता थियो ।

● समयमा कर तिरौं,
● पानी खेर नफालौ,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

व्यक्तिगत घटना दर्ता गरौं

व्यक्तिगत घटना दर्ता के हो ? किन अनिवार्य दर्ता गराउनुपर्छ ?

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ । राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

सबै प्रकारका व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि बिलम्ब शूल्क रु २००/- तिरी दर्ता गराउन सकिन्छ ।

घटना दर्ता गर्न कसलाई सूचक राख्ने ?

जन्म, मृत्यु र बसाई सराई घटना दर्ताको लागि सूचकको रूपमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य रहन सक्छन्। विवाह दर्ता गर्न पति र पत्नी दुवै आवश्यक पर्दछ। सम्बन्ध विच्छेद दर्ताको हकमा पति वा पत्नी मध्ये एक सूचक रहन सक्छन् ।

व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ जारी हुनु भन्दा अघि घटेका घटना कसरी दर्ता गराउन सकिन्छ ?

जन्म, मृत्यू तथा अन्य पटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भइ सम्बन्धित जिल्लामा लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन । यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडा कार्यालयमा गई वडा अध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन् ।

व्यक्तिगत घटना दर्ता गर्न किन सूचकको नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ ?

सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न, सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सथकको स्पष्ट परिचय, उमेर खुले प्रमाणका रूपमा नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने हुन्छ ।

व्यक्तिगत घटना दर्ताको अभिलेख नभएमा कसरी नक्कल दिन सकिन्छ ?

व्यक्तिगत घटना दर्ताको अभिलेख वडा कार्यालयमा नभएको अवस्थामा सो घटना दर्ताको सूचना फाराम या प्रमाणपत्रको प्रतिलिपि अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख तयार गर्न सकिन्छ वा नियमावलीको नियम २१ को उपनियम ४ को प्रावधान बमोजिम प्रतिलिपि खडा गर्न सकिने व्यवस्था रहेको छ ।

व्यक्तिगत घटना दर्ताको प्रतिलिपि माग गरेमा कसरी प्रदान गर्ने ?

घटनासँग सम्बन्धित व्यक्तिले निवेदन दिई व्यक्तिगत घटनाको प्रतिलिपि माग गरेमा वडा कार्यालयमा रहेको अभिलेखको आधारमा रूजु गरी स्थानीय पञ्जिकाधिकारीले प्रतिलिपि जारी गर्न सक्छन् ।

व्यक्तिगत घटना दर्ता गर्न स्थानीय तहको वडा कार्यालयको दायित्व के रहन्छ?

राष्ट्रिय परिचयपत्र तथा ऐनले सबै वडा कार्यालयहरुलाई स्थानीय पञ्जीकरण कार्यालय र वडा कार्यालयको प्रशासकीय प्रमुखलाई स्थानीय पञ्जीकाधिकारीका रूपमा काम काज गर्न तोकेको छ। त्यसैले सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने, प्रमाणपत्र जारी गर्ने तथा प्रतिवेदन पेश गर्नुपर्ने दायित्व सम्बन्धित वडा कार्यालयको हुन्छ। घटना दर्ताको महत्व, प्रक्रिया र विलम्ब शुल्कबारे नागरिकलाई जानकारी गराउने दायित्व स्थानीय तहको हुनेछ ।

व्यक्तिगत घटना दर्ता गर्ने व्यक्तिको कर्तव्य के रहन्छ ?

व्यक्तिगत घटना दर्ता गर्ने व्यक्ति वा सूचकले सूचना फाराममा दिईएको विवरण सही रूपमा भर्ने, आवश्यक कागजपत्रको सक्कल तथा प्रतिलिपि बुझाउने, घटना घटेको ३५ दिनभित्रै घटना दर्ता गराउने र प्राप्त प्रमाणपत्रमा भएका विवरण सही रूपमा जाँच गरेर मात्र प्रमाणपत्र बुझ्ने जस्ता कार्य व्यक्तिको कर्तव्य अन्तरगत पर्दछन् ।

झुटा विवरण पेश गरी व्यक्तिगत घटना दर्ता गरेमा के गर्नुपर्छ ?

कुनै पनि व्यक्तिले झुटा विवरण पेश गरी दर्ताको प्रमाणपत्र लिएको पाईएमा वा प्रमाणित भएमा स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) बाट ऐनको दफा २४ बमोजिम त्यस्तो घटना दर्ताको प्रमाणपत्र तत्काल रद्द गरी त्यसको जानकारी सम्बन्धित वडा कार्यालयलाई दिनुपर्छ। झुटा विवरण दिने सूचक र सिफारिस गर्ने व्यक्तिलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्दछ ।

८ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका
हेटौंडा, मकवानपुर

सेतो रिवन वितरण,अन्तक्रिया, शिविर तथा दीपावली

अभियानको पहिलो दिन नै विभिन्न कार्यक्रम

○ सहीखबर संवाददाता

मकवानपुर । महिला तथा मानवअधिकार विरुद्ध हुने घटनाको सवालमा खबरदारी गर्दै सधै कार्यक्षत्रमा देखिने मकवानपुरका अधिकारकर्मीहरू बुधबार भन् धेरै व्यस्त देखिए । बुधबारबाटै सुरू भएको लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको क्रममा उनीहरूको व्यस्तता बढेको थियो ।

पहिलो दिन मकवानपुरका जिल्लाका मानवअधिकार रक्षकहरूले जिल्लाको हिंसाको सवालमा भएका घटनाहरूबारे अन्तरक्रिया, सेतो रिवन वितरण कार्यक्रम गरे । साँझ परेसँगै बजारको मुख्यचोकमा दीपावली गरे । लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता' भन्ने नाराका साथ यसवर्षको १६ दिने अभियान बुधबार बाट सुरू भएको छ ।

सन १९६० को नोभेम्बर २५ का दिन डोमानिकन रिपब्लिक राज्यका मिरावल परिवारका ३ साहसिक दिदी बहिनी *पार्टिया, मनिर्मा* र *मारियाको* तात्कालिन त्रिजुलो सरकारले गरेको हत्याको दिनको संझनामा बुधबार साँझ दीपावली गरिएको हो । बुधबार अर्थात २५ नोभेम्बार बाट १० डिसेम्बर अर्थात मंसिर २४ गतेसम्म यो अभियान जारी रहन्छ ।

ति ३ बहिनीहरूले तत्कालिन सरकारको तानाशाही शासनका विरूद्धमा आवाज उठाएको कारण उनीहरूका श्रीमानलाई सरकारले बन्दी बनाएको थियो । श्रीमानहरूलाई जेलमा भेटेर फर्कने क्रममा उनीहरूको निर्मम हत्या गरी दुर्घटनाको संज्ञा दिईएकोमा अधिकारकर्मीले त्यस घटनालाई स्वीकार गरेनन् र त्यसको विरूद्ध आवाज उठाईरहे।

यसैको सम्झनामा नेपालमा पनि २०६६ भदौ २६ को निर्णय अनुसार सन् २०१० लाई लैङ्गिक हिंसा विरूद्धको वर्ष" को रूपमा मनाउन घोषणा भएको थियो ।

सो बमोजिम "लैङ्गिक हिंसा विरूद्ध राष्ट्रिय कार्ययोजना २०१० समेत १ वर्षका लागि कार्यान्वयन भईसकेको छ । सो कार्ययोजनाको कार्यान्वयनबाट केही नीतिगत तथा संरचनागत उपलब्धि हासिल भएता पनि लैङ्गिक हिंसा तथा विभेद सामाजिक विकृतिजन्य समस्या भएकोले यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता सहित दीर्घकालिन योजनाको ल्याउनु पर्ने माग गरिदै आएको छ ।

अभियानको उद्घाटन गर्दै हेठौंडा उपमहानगर पालिका प्रमुख मिनाकुमारी लामाले हिंसाले विरूद्ध स्थानीय सरकार सधै तत्पर रहेको बताउनुभयो । अभियान बाहेकका दिनमा पनि अभियन्ताहरु सधै कार्यक्षेत्रमा र हनुपर्ने र यसको लागि स्थानीय सरकारले सधै समन्वय गर्ने लामाले बताउनुभयो ।

मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले हिंसाको घटना विरूद्ध अझै खुलेर आवाज बाहिर नआएको बताउनुभयो । मुलुकको विकास र समृद्धिको लागि हिंसा उन्मुलन अनिवार्य भएको बताउनु हुँदै अधिकारीले भन्नुभयो "जुनसुकै प्रकारको लैङ्गिक हिंसा मानवता विरोधि गतिविधि हो, यो सहने हैन प्रतिकार गर्नेपर्छ।" हिंसा मुक्त बाँच्न पाउनु मानव अधिकार भएको उहाँले बताउनुभयो। गैससस मकवानपुर अध्यक्ष रमिला सापकोटाले अभियान बाहेक पनि सामूहिक प्रयास जारी रहेको बताउनुभयो । आफूले हिंसा नगर्ने, नसने र प्रतिकार गर्ने अभियान सबै जारी रहेको बताउनुभयो ।



महिलाको चौतर्फि विकासको लागि हातेमालो आवश्यक भएको हेठौंडा उपमहानगरपालिका महिला विकास महाशाखा प्रमुख सत्यदेवी अधिकारीले बताउनुभयो ।

अभियान अन्तर्गत मानव अधिकार संरक्षण तथा मानव वेचबिखन विरूद्धको संजाल, नेपाल मानवअधिकार संगठन,हिमराइज्द्स मकवानपुर, माइती नेपाल,मकवानपुर महिला उतथान समूह,साना हातहरू, नारी संरक्षण केन्द्र, मानवअधिकार रक्षा लागि एकल महिला समुह, इन्सक बागमती प्रदेशलगायतको समन्वयमा आयोजित कार्यक्रममा सरोकारवालाहरूले सबै प्रकारको हिंसा विरूद्ध शुन्य सहनशिलताको लागि स्थानीय सरकार, प्रहरी, प्रशासन, राजनीतिक दलहरूको समेत सहकार्य र ऐक्यवद्धता आवश्यक भएको बताए ।

हिंसाजस्ता आपराधिक कार्यमा संलग्नलाई राजनीतिक दलको संरक्षण हुने गरेको आरोप प्रभावितहरूले लगाउँदै आएका छन् । यसैबीच मकवानपुर जिल्लाका प्रहरी प्रमुख श्याम खड्काले हिंसा गरेको कसुर प्रमाणीत हुनेलाई कुनै पनि बाहानामा उन्मुक्ति नदिने बताउनु भयो ।

मकवानपुर जिल्लामा अभियानको क्रममा ६ वटा विद्यालय सचेताना कार्यक्रम, राजमार्गमा सडक नाटक, स्वास्थ्य शिविर, घटना समिक्षा,कार्यालयहरूमा प्रचारप्रसार ब्यानर प्रदर्शनी जस्ता कार्यक्रम गर्ने गरी तयारी भएको मानव अधिकार रक्षक तथा मानव वेचबिखन विरूद्धको जिल्ला सञ्जाल अध्यक्ष आरती पाठकले बताउनुभयो ।

लैङ्गिक हिंसा दण्डनीय अपराध हो

- समाजमा हुने सबै प्रकारका हिंसा विरुद्ध एक जुट बनौं,
- लैङ्गिक हिंसा विरुद्ध सम्वेदनशिल र जिम्मेवार बनौं,
- प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसामुक्त समाज निर्माण गरौं,
- लैङ्गिक हिंसा पीडितलाई न्याय र सेवामा सहज पहुँच सुनिश्चित गरौं।

'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता:
पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता'

नेपाल सरकार
विज्ञापन बोर्ड

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानमा हाम्रो आव्हान:

हिंसामुक्त समानतामुलक समाज निर्माण गरौं

हिंसा सहनु बाध्यता होइन, हिंसा गर्नु अपराध हो।
महिला तथा बालिकामाथि हुने शारीरिक, मानसिक, यौनजन्य, आर्थिक तथा सामाजिक हिंसा मानव अधिकार र सामाजिक न्यायविरुद्धको अपराध हो। घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा, यौन दुर्व्यवहार, जबर्जस्ती करणी, मानव बेचबिखनदेखि सामाजिक सञ्जालमार्फत हुने दुर्व्यवहारसम्म हिंसाका हरेक स्वरूपको अन्त्य गरौं।

याद राखौं : हिंसा लुकाउनु होइन, हिंसाविरुद्ध आवाज उठाउनुहोस्।
पीडितलाई दोष होइन, साथ र सहयोग दिनुहोस्।
छोराछोरीबीच विभेद होइन, समान अवसर प्रदान गर्नुहोस्।
महिलाको सम्मान, स्वतन्त्रता र निर्णय अधिकार सुनिश्चित गर्नुहोस्।
हिंसाजन्य व्यवहार देखेमा सम्बन्धित निकायमा खबर गर्नुहोस्।
डिजिटल माध्यमको प्रयोग गर्दा अरूको गोपनीयता र मर्यादाको सम्मान गर्नुहोस्।
कानुनले हिंसालाई अपराध मानेको छ। नेपालको संविधानको धारा १८ र ३८ ले समानता र महिलाको हक सुनिश्चित गरेका छन्। घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ लगायतका कानुनले हिंसाविरुद्ध संरक्षण र न्यायको व्यवस्था गरेका छन्।
आजैदेखि संकल्प गरौं : हिंसामुक्त घर, सुरक्षित समाज र समानतामूलक राष्ट्र निर्माणमा सबैको हातेमालो गरौं।
१६ दिने अभियानमा मात्र होइन, हरेक दिन, हरेक पल हिंसाविरुद्ध उभिऔं ।
हिंसाविरुद्ध बोलौं, पीडितलाई साथ दिऔं, न्यायपूर्ण समाज बनाऔं।

माया तामाङ प्रमुख एवम्
माइती नेपाल मकवानपुर परिवार